बैठक नं : २४

आज मिति २०७५ साल असोज २३ गतेका दिन दिउसो ११.०० वजे भेरी नगरपालिकाका नगर प्रमुख श्री चन्द्र प्रकाश घर्तीज्यूको अध्यक्षतामा तपशिलमा उल्लेखित नगर कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा बैठक वसी निम्नानुसारका निर्णय गरियो ।

## उपस्थिति

| क्र.सं | नामथर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री चन्द्र प्रकाश घर्ती | नगर प्रमुख | भेरी न.पा. ६, जाजरकोट | |
| २ | श्री भावना भण्डारी | नगर उप प्रमुख | भेरी न.पा. ३, जाजरकोट | |
| ३ | श्री दिपक राना | वडा अध्यक्ष | भेरी न.पा. १ जाजरकोट | |
| ४ | श्री कालि वहादुर वली | वडा अध्यक्ष | भेरी न.पा. २ जाजरकोट | |
| ५ | श्री लिला वहादुर शाह | वडा अध्यक्ष | भेरी न.पा. ३ जाजरकोट | |
| ६ | श्री खम्व जंग शाह | वडा अध्यक्ष | भेरी न.पा. ४ जाजरकोट | |
| ७ | श्री श्याम लाल जैसी | वडा अध्यक्ष | भेरी न.पा. ५ जाजरकोट | |
| ८ | श्री शसिराम वुढा | वडा अध्यक्ष | भेरी न.पा. ६ जाजरकोट | |
| ९ | श्री चन्द्र वहादुर शाही | वडा अध्यक्ष | भेरी न.पा. ७ जाजरकोट | |
| १० | श्री ~~कर्ण वहादुर कार्की~~ गोरे कार्की | का.वा. वडा अध्यक्ष | भेरी न.पा. ८ जाजरकोट | |
| ११ | श्री ध्रुव प्रसाद पौडेल | वडा अध्यक्ष | भेरी न.पा. ९ जाजरकोट | |
| १२ | श्री ठकेन्द्र वहादुर राना | वडा अध्यक्ष | भेरी न.पा. १० जाजरकोट | |
| १३ | श्री लक्ष्मी प्रसाद जैसी | वडा अध्यक्ष | भेरी न.पा. ११ जाजरकोट | |
| १४ | श्री निम वहादुर भनारी | वडा अध्यक्ष | भेरी न.पा. १२ जाजरकोट | |
| १५ | श्री गोपाल वहादुर वटाला | वडा अध्यक्ष | भेरी न.पा. १३ जाजरकोट | |
| १६ | श्री पार्वती वि.क. | नगर कार्यपालिका सदस्य | भेरी न.पा. १० जाजरकोट | |
| १७ | श्री बिन्दु शाही | नगर कार्यपालिका सदस्य | भेरी न.पा. २ जाजरकोट | |
| १८ | श्री बिर वहादुर वादी | नगर कार्यपालिका सदस्य | भेरी न.पा. १ जाजरकोट | |
| १९ | श्री भद्रकला डाँगी | नगर कार्यपालिका सदस्य | भेरी न.पा. १० जाजरकोट | |
| २० | श्री मनकला नेपाली | नगर कार्यपालिका सदस्य | भेरी न.पा. ४ जाजरकोट | |
| २१ | श्री मिना पुन | नगर कार्यपालिका सदस्य | भेरी न.पा. २ जाजरकोट | |
| २२ | श्री रति नेपाली | नगर कार्यपालिका सदस्य | भेरी न.पा. ३ जाजरकोट | |
| २३ | श्री सृजना वि.क. | नगर कार्यपालिका सदस्य | भेरी न.पा. ३ जाजरकोट | |

Scanned by CamScanner

| | | | | |
|---|---|---|---|---|
| २४ | डिल्लीराज वेल्वासे | सचिव (प्र. प्र. अधिकृत) | भेरी न.पा. जाजरकोट | |
| | आमन्त्रित | | | |
| २५ | सुदिप सिंह सुनार | लेखा अधिकृत | भेरी नगरपालिका कार्यालय | |
| २६ | दल बहादुर घर्ती | कार्यक्रम अधिकृत | भेरी नगरपालिका | |
| २७ | नवराज शर्मा | इन्जिनियर | भेरी नगरपालिका कार्यालय | |
| २८ | सूर्य प्रसाद लम्साल | सूचना प्रविधि अधिकृत | भेरी न.पा. | |
| २९ | डम्वर वहादुर विष्ट | लेखापाल | भे.न.पा | |
| ३० | उर्मिला शाह | ना.सु. | भे.न.पा | |
| ३१ | सनत दवाडी | ना.सु | भेरी नगरपालिका कार्यालय | |
| ३२ | श्री केदार वहादुर कार्की | खरिदार | | |
| ३२ | | | | |
| ३३ | | | | |
| ३४ | | | | |
| ३५ | | | | |

Scanned by CamScanner

१। नगरपालिका क्षेत्रभित्र ढुङ्गा, गिट्टी, बालुवा संकलन तथा निकासी कार्यमा कर असुली गर्ने सम्बन्धमा यस नगरपालिकाबाट आ.व. २०७५।७६ का लागि टेण्डर आव्हान भई कर संकलनको लागि अनुमति प्राप्त संकलनकर्ता मुक्ति बस्नेत सप्लायर्सले अघिल्लो आ.व. मा संकलन गरी घाटगद्दी गरिएको ढुङ्गा, गिट्टी, बालुवा को यस चालु आ.व. मा कर संकलन गर्न मिल्ने नमिल्ने, सो विषयमा निर्णय गरीपाउँ भनी पेश गरेको निवेदन उपर छलफल गर्दा यसरी एक आ.व. मा कर संकलनको लागि अनुमति लिएर अर्को आ.व. को राजश्व आयमा समेत दिर्घकालीन असर पर्ने गरी कर संकलन गर्न र घाटगद्दी गर्ने व्यक्ति वा फर्मले पनि त्यसरी अर्को आ.व.मा प्रयोग गर्ने गरी संकलन गरी घाटगद्दी गर्न प्रचलित कानून विपरीत हुने र अघिल्लो आ.व.मा नगरपालिकाको राजश्व आयमा दिर्घकालीन नकारात्मक असर पर्ने गरी घाटगद्दी गर्न नमिल्ने भएकोले घाटगद्दी गरीएको ढुङ्गा, गिट्टी, बालुवा मा कर संकलन गर्न मुक्ति बस्नेत सप्लायर्सलाई अनुमति दिने ।

२। भेरी नगरपालिकाको शैक्षिक क्षेत्र सुधारका लागि क्रियटिभ एडुटेन्मेन्ट वर्ल्ड प्रा.लि. नेपालले प्रस्तावित गरेको बजेट तथा कार्यक्रम संचालनको लागि स्वीकृत गर्ने र उक्त कार्यक्रमको जम्मा बजेट रू २३४७९६०।- मध्ये रू. ५,५९,९००।- न.पा. को गत आ.व. को मौज्दात र रू १७,८८,०६०।- वडा कार्यालयको चालु आ.व. को स्वीकृत बजेटको मिल्दो शिर्षकबाट व्यहोर्ने गरी व्यवस्था गर्ने ।

३। नगरपालिकामा कार्यरत अस्थायी करार सेवाका कर्मचारीहरूको स्थानीय भत्ता सुविधा सम्बन्धमा विस्तृत अध्ययन गरी आगामी बैठकमा पेश गर्ने ।

४। चालु आ.व. को स्वीकृत बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्ने क्रममा कृषि, पशु तथा शिक्षातर्फ न्यून बजेट विनियोजन भएको र संघीय तथा प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदान पनि न्युन भएकोले कृषि, पशु तथा शिक्षा जस्तो महत्वपूर्ण क्षेत्रमा गत आ.व. को खर्च बाँकी मौज्दातबाट थप बजेट बिनियोजन गरी कार्यक्रम संचालन गर्न देहायका क्षेत्रमा देहाय बमोजिम थप बजेट बिनियोजन गर्ने र सम्बन्धित शाखाबाट थप बजेट सहितको कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने ।

<u>तपसिल</u>

| | |
|---|---|
| क.कृषि विकास कार्यक्रमः | रू. २० लाख (कृषि प्रसार कार्यक्रम ११ लाख ३० हजार, पकेट विकास कार्यक्रम १ लाख ५० हजार साझेदारीमा संचालन हुने कार्यक्रम संचालन, तथा अनुगमन मुल्यांकन ७ लाख २० हजार) |
| ख.पशु विकास कार्यक्रमः | रू. ५ लाख (भ्याक्सिन तथा अत्यावश्यक औषधि खरिद) |
| ग.शिक्षा विकास कार्यक्रमः | रू. ३ लाख (तथ्यांक संकलन, प्र.अ.बैठक तथा अनुगमन) |

५. नगरपालिकाले बार्षिक रूपमा निर्माण गर्ने भौतिक पूर्वाधार आयोजनाहरू विस्तृत अध्ययनविना कार्यान्वयन गर्दा दिगो नहुने र वातावरणीय सन्तुलनमा समेत प्रतिकुल असर पर्न गई लगानी खेर

Scanned by CamScanner

गईरहेको अवस्था विद्यमान रहेकोले दिर्घकालीन रूपमा महत्व राख्ने र तुलनात्मक रूपमा बढी लागत खर्च हुने आयोजनाहरूको विस्तृत अध्ययन गरेर मात्रै कार्यान्वयन गर्ने नीति अनुसार यस अगाडीको बैठकबाट निर्णयमा छुट भएका तपसिलमा उल्लेखित योजनाहरूको विस्तृत संभाव्यता अध्ययन गर्ने।

तपसिल

क। वडा नं. २ बाहुनथान देखि डिंगा हुँदै तिमिलेसम्मको सडक
ख। वडा नं. २ पोखरा देखि भेरे...क सडक
ग। वडा नं. ५ गंगटीया कल्लाबारी, रूपाकोट हुँदै मेलटाकुरी सडक
घ। वडा नं. ६ मालिका एकीकृत पर्यटन विकास गुरूयोजना निर्माण
ङ। वडा नं. ६ गिर खेल्ने चौर खेल मैदान निर्माण

६. नगरपालिका क्षेत्रभित्र नगरपालिकाको स्वामित्वमा रहेका सरकारी तथा सार्वजनिक जग्गा उपयोग सम्बन्धमा स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ९ को दफा ५९ तथा भेरी नगरपालिकाको आर्थिक ऐन, २०७५ को १० अनुसार देहाय बमोजिमको प्रक्रिया अवलम्बन गरी बहाल विटौरी शुल्क असुली प्रक्रिया शुरू गर्न नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

तपसिल

क। बहाल विटौरी शुल्क असुलीका लागि ३० दिनको समय दिई निवेदन पेश गर्न सार्वजनिक सूचना प्रकाशन तथा प्रसारण गर्ने
ख। पेश गर्नु पर्ने विवरण र निवेदनको ढाँचा निर्धारण गरी सम्बन्धित वडा कार्यालयबाट फाराम वितरण तथा निवेदन बुझ्ने व्यवस्था मिलाउने,
ग। निवेदनसाथ पेश हुने जग्गा प्रयोग तथा उपयोगको विवरण एकीकृत गरी नगरपालिकाको रेकर्ड व्यवस्थित गर्ने
घ। पेश भएका निवेदन छानविनपछि सम्बन्धित व्यक्तिसंग सम्झौता गर्ने
ङ। सम्बन्धित व्यक्तिसंग सम्झौता गरी सकेपछि मात्रै आर्थिक ऐन, २०७५ बमोजिमको शुल्क असुल गर्ने।
च। यस सम्बन्धमा कुनै विवाद सिर्जना भएमा प्रमुख प्रशासकीय अधिकृतले कानून शाखासंग परामर्श गरी टुङ्गो लगाउने, प्रमुख प्रशासकीय अधिकृतले टुङ्गो लगाउन नसकेमा नगर प्रमुख तथा कार्यपालिकामा पेश गर्ने ।

७. नगरपालिकाले आफैले निर्माण गरेका तथा आफ्नो स्वामित्वमा रहेका भवनहरूको बहाल विटौरी शुल्क लगायतका अन्य शुल्क तथा कर असुलीका लागि आवश्यक प्रक्रिया तत्काल शुरू गर्न नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

Scanned by CamScanner

८. इन्द्रेणी बचत तथा ऋण सहकारी संस्थाले जग्गा खरिद गर्दा नियमानुसार तिर्नु पर्ने राजश्व छुटका लागि सहकारी विभाग काठ्माण्डौमा सिफारिस गरिदिनु हुन भनी प्राप्त भएको पत्र सम्बन्धमा, सहकारी प्रवर्द्धन, सुदृढिकरण तथा बिकास विस्तार गर्नु नगरपालिकाको प्राथमिकता क्षेत्रमा पर्ने र सहकारी संस्थाहरूलाई प्रचलित कानून बमोजिम दिन मिल्ने सहुलियत सुविधा दिन उपयुक्त देखिएकोले माग बमोजिम कर छुटको लागि सहकारी विभाग काठ्माण्डौमा सिफारिस गर्ने ।

९. भेरी नगरपालिकाको जलस्रोत नियमावली, २०७५ र भेरी नगरपालिकाको सहकारी प्रबर्द्धन तथा व्यवस्थापन निर्देशिका, २०७५ सर्वसम्मतिले पारीत गर्ने ।

१०. देहाय बमोजिमका निकायबाट आर्थिक सहायताका लागि अनुरोध भई आएकोले निम्न बमोजिमको रकम गत आ.व. को मौज्दात रकमबाट खर्च लेख्ने गरी रकम उपलव्ध गराउने ।

क. जिल्ला प्रशासन कार्यालय, जाजरकोटलाई परम्परागत मौलो तथा झण्डा पुजा र फुलपाती भित्र्याउने प्रयोजनको लागि रू. २५ हजार

ख. दशैंको अवसरमा कारगार शाखा जाजरकोटमा रहेका कैदी बन्दीहरूको लागि फलफुल वितरणका लागि रू २० हजार

ग. व्यापार प्रवर्द्धनका लागि भेरी नगरपालिकाको वडा नं. १ रिम्नामा २०७५ असोज २४ गतेदेखि आयोजना हुने साँस्कृतिक तथा व्यापार महोत्सवमा रू १ लाख

घ. सशस्त्र प्रहरी वल जाजरकोट वेसको भान्सा निर्माण गर्न रू १ लाख

ङ. भेरी नगरपालिकाको झण्डा पुजाको लागि रू ३० हजार

च. नेपाल हृदयरोग प्रतिषठान जाजरकोटको लागि रू १ लाख

छ. पाँचपुर्णिमा मेलामा आयोजना भलिवल प्रतियोगिताका लागि रू १५ हजार

११. भेरी नगरपालिका वडा नं. १३ छिन्चु जाजरकोट सडक बाटोबाट भित्र निरज रोकायको घर देखि बृहत रंगशाला हिलेखाली कुदु जाने बाटो निर्माण र वडा नं. ९ देकाना, दह बजार, बुरूङ्गे सम्मको बाटो सफा गर्न प्राविधिक लगत ईष्टिमेट गरी न.पा.ले भाडामा लिएको व्याक हो लोडर प्रयोग गर्ने ।

१२. नगरपालिका तथा वडा कार्यालयमा आवश्यक कार्यालय सहयोगी भर्ना सम्बन्धमा पूर्व प्रकाशित सूचना अनुसार पदपुर्ति प्रक्रियाका लागि तपसिल बमोजिमको पदपुर्ति समिति गठन गर्ने ।

| | |
|---|---|
| क. प्रमुख प्रशासकीय अधिकृत डिल्लीराज वेल्वासे | संयोजक |
| ख. कार्यक्रम अधिकृत दल बहादुर घर्ती | सदस्य |
| ग. लेखा अधिकृत सुदिप सिंह सुनार | सदस्य |
| घ. कानून अधिकृत प्रकाश कुमार शाही | सदस्य |
| ङ. अधिकृत स्तरको प्रतिनिधी जिल्ला प्रशासन कार्यालय | सदस्य |
| च. अधिकृत स्तरको प्रतिनिधी को.ले.नि. | सदस्य |

Scanned by CamScanner

छ. ना.सु. तुलाराम गिरी — सदस्य

ज. ना.सु. सनत कुमार दवाडी — सदस्य सचिव

१३. भेरी नगरपालिकाका पाँच वटा स्वास्थ्य चौकीमध्ये चार वटा स्वास्थ्य चौकीमा वर्थिङ सेन्टर सुचिकृत भइसकेको र जगतिपुर स्वास्थ्य चौकीमा आवश्यक सामाग्रीको व्यवस्थापन भई सेवा सुचारू भएको र सूचिकृत हुने अन्तिम चरणमा पुगेको हुँदा पाँचवटै वर्थिङ सेन्टरमा नगरपालिकाबाट मासिक रू. ५०००। प्रोत्साहन भत्ता पाउने गरी एक एक जना महिला सहयोगी व्यवस्था गर्ने ।

१४. भेरी नगरपालिका वडा नं. ९ को चालु आ.व. २०७५।७६ को स्वीकृत कार्यक्रम अनुसार सुनौला हजार दिनका आमाहरूको लागि फिल्टर वितरण गर्न रू ५० हजार विनियोजन भएकोमा सो कार्यक्रम नगरपालिकाकै बहुक्षेत्रीय पोषण कार्यक्रमको स्वीकृत कार्यक्रमसंग दोहरो पर्न गएकोले उक्त रकम सोहि वडामा बडा दशैंको उपलक्ष्यमा आयोजना हुने मयुर नाच व्यवस्थापन शिर्षकमा रकमान्तर गरी आगामी नगर सभाबाट अनुमोदन हुने गरी खर्च गर्न स्वीकृती दिने।

१५. सम्पती कर संकलन प्रणालीलाई व्यवस्थित एवं प्रभावकारी रूपमा कार्यान्वयन गरी सवै कार्यालयहरूबाटै Online कर संकलन सेवा सुचारू गर्न सवै वडा कार्यालयमा सम्पत्ती करको सफ्टवेयर जडान गर्नु पर्ने र सो को लागि आवश्यक पर्ने रकम वडा कार्यालयको स्वीकृत बजेटबाट खर्च गर्ने र नपुग रकम नगरपालिको गत आ.व. को मौज्दात बाट विनियोजन गर्ने ।

१६. नगरपालिकाका वडा कार्यालयहरूको वडा पार्श्वचित्र निर्माणका लागि वेष्टर्न नेपाल लोकल डेभ्लपमेन्ट एशोसियट प्रा.लि. काठ्मान्डौसंग गरिएको सम्झौताको म्याद यही २०७५।६।२९ मा समाप्त हुने भएको र सम्झौता अनुसारको कार्य सम्पन्न गर्न २०७५ कार्तिक मसान्तसम्म लाग्ने भएकोले उक्त अवधिसम्म म्याद थप गरी तथ्यांक संकलनकर्ताहरूको पारीश्रमिक भुक्तानीको लागि सम्झौता अनुसारको रकम पेश्कि स्वरूप भुक्तानी पाउँ भनी अनुरोध भई आएकोमा परामर्शदाताको अनुरोध बमोजिम २०७५ कार्तिक मसान्तसम्म म्याद थप गरी पेश्कि स्वरूप रू. ५ लाख निकासा दिने र बाँकी रकम अन्तिम प्रतिवेदन प्राप्त भएपछि भुक्तानी गर्ने ।

१७. नगरपालिकाको वडा नं. ६ मा स्लेट ढुंगा उत्खनन् तथा निर्यात सम्बन्धी इजाजत पाउँ भनी पेश भएको निवेदन सम्बन्धमा, संघीय सरकार तथा प्रदेश सरकारबाट हालसम्म खानी उत्खनन् सम्बन्धमा कुनै निर्देशन परिपत्र प्राप्त नभएको र नगरपालिकाको अधिकार क्षेत्र स्पष्ट नभई कानूनी अन्योलता रहेकोले सम्बन्धित सरोकारवाला नियकायसंग समन्वय गरी स्पष्ट भइसकेपछि मात्र प्रक्रिया अगाडी बढाउने ।

१८. पहाडी क्षेत्र विकास अभियानबाट एक एक पाइलासंगको साझेदारीमा भेरी नगरपालिका क्षेत्रमा आयोजना गर्ने बृहत घुम्ती स्वास्थ्य शिविरको लागि प्रस्तुत प्रस्तावना स्वीकृत गर्ने र शिविरको लागि आवश्यक

Scanned by CamScanner

बजेट साझेदारी सम्बन्धमा सम्बन्धित सरोकारवाला निकायसंग थप बृहत छलफल गरी विशेषज्ञ सहितको बृहत घुम्ती शिविर संचालन गर्ने ।

१९. नगरपालिकाको वडा नं. ४ शान्ति चौतारा बसपार्कस्थित स्लटर हाउस नजिकको खाली जमिनमा कभर्ड हल निर्माण र रावतगाउँ तल्लो सिंचाई कुलो मर्मतको डिजाईन तथा ल.ई. गरी कार्तिक १५ गतेभित्र पेश गर्न प्राविधिक शाखालाई निर्देशन दिने ।

२०. वडा नं. ४ वसपार्कमा रहेको शौचालय सरसफाईको लागि मासिक रू ५००० खाजा भत्ता पाउने गरी एक जना स्वीपर करार सेवामा नियुक्ति गर्न नगर कार्यपालिकालाई निर्देशन दिने ।

२१. श्रावण र भाद्र महिनामा बर्षाका कारण कालेगाउँ देखि युरी हुँदै खलंगा डोल्पा रोडको जिरो प्वाइन्टसम्मको सडक अवरूध्द भई सवारी आवागमनमा समस्या भएको र आवागमन सुचारू गर्न मर्मतका लागि रू १३ लाख रकम विनियोजन भई मर्मत सम्बन्धि कार्यादेश बमोजिम काम सम्पन्न भईसकेको अवस्थामा बर्षाले मर्मत गर्न तोकिएको स्थान बाहेक थप केही स्थानमा समेत मर्मत गर्नु पर्ने अवस्था आई विनियोजित रकम भन्दा रू १ लाख ७७ हजार थप खर्च भएकोले सो खर्च रकम अनुमोदन गर्ने ।

२२. भेरी नगरपालिका वडा नं. ६ को लक्ष्मी मा.वि. भेरेले प्रयोग गरीरहेको इन्भर्टर विग्रेर कम्प्युटर संचालन अवरोध भई अध्ययन अध्यापनमा समस्या भएकोले २६४० वाट सोलार सिष्टममा जडान गर्न उपयुक्त ईन्भर्टर खरिद गरी हस्तान्तरण गर्ने ।

२३. सन् २०१८ नोभेम्वर २२ देखि २५ तद् अनुसार २०७५ साल मंशिर ६ देखि ९ गतेसम्म इन्डोनेशियाको राजधानी जाकार्तामा एशियन गोजुरियो कराँते प्रतियोगिता हुन गईरहेको हुँदा नेपाल गोजुरियो कराँते संघका अध्यक्ष नगर प्रमुख चन्द्र प्रकाश घर्तीलाई सहभागिताको लागि स्वीकृति प्रदान गर्ने ।

२४. नगरपालिकाको कार्यालय भवन निर्माण सम्बन्धी जिम्मा लिएको निर्माण कम्पनी गाल्वा खड्का कृष्ण जे.भी. ले निर्माण सम्बन्धी सम्झौताको म्याद २०७५ असोज मसान्तमा समाप्त हुने र तोकिएको अवधिभित्र अवधिभित्र भवन निर्माण कार्य सम्पन्न हुन नसक्ने भएकोले २०७६ साल असार मसान्तसम्म म्याद थप गरी पाउँ भनी पेश गरेको निवेदन उपर छलफल गर्दा निवेदकको माग बमोजिम म्याद थप गर्न मनासिव देखिएकोले २०७६ असार मसान्त सम्म म्याद थप गर्ने ।

२५. गणेश थापाको पसल अगाडी देखि रेडक्रस सम्मको सडक आ.व. २०७४।७५ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार कार्य सम्पन्न भई भुक्तानी समेत भई सकेको र थप ढलान कार्यको प्राविधिक मुल्यांकन गरी सोको आधारमा भुक्तानी दिने ।

२६. नगरपालिकाको भवन निर्माणाधिन अवस्थामा रहेको र कार्य कक्षको अभावमा केही शाखाहरूको व्यवस्थापनमा कठीनाई भई कार्यालयको दैनिक सेवा प्रवाहमा समेत असर परेको हुँदा नगरपालिकाको

Scanned by CamScanner

पुरानो भवनको छतमा ट्रस निर्माण गर्न गत आ.व. को बाँकी मौज्दात रकमबाट खर्च लेख्ने गरी रू. ५ लाख विनियोजन गरी प्रक्रिया अगाडी बढाउने ।

२७. वडा नं. ११ को स्वास्थ्य चौकी जगतिपुरमा रिक्त रहेको अ.न.मी. पद पुर्ति गर्न भेरी नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधी, २०७५ अनुसार प्रक्रिया शुरू गर्न नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

२८. नगरपालिका क्षेत्रमा आकस्मिक रूपमा आई पर्ने विपदको तत्काल अन्तरिम व्यवस्थापन गर्नका लागि नगरपालिकामा मौज्दात रहेको तारजाली तथा खानेपानीको पाईप वितरण गर्न तपसिल अनुसारको सिफारिस समिति गठन गर्ने र उक्त समितिको सिफारिस तथा नगर प्रमुखको निर्णय अनुसार वितरण गर्ने ।

| | | |
|---|---|---|
| क. | कार्यक्रम अधिकृत दल बहादुर घर्ती | संयोजक |
| ख. | ईन्जिनियर नवराज शर्मा | सदस्य |
| ग. | ना.सु. तुलाराम गिरी | सदस्य |

Scanned by CamScanner